# १२ परमेश्वरको दिन

*<u>यस अध्यायका मूल पदहरू:</u>* २ पत्रुस ३:१,२, यूहन्ना २१:१५-१७, २ पत्रुस ३:३-१८, भजन ९०:४ र मत्ती २४:४३-५१।

*<u>यस अध्यायको स्मरण गर्नपर्ने मूल सार पद:</u>* **"प्रभुको दिन त चोर जस्तै गरेर आउनेछ। भयानक गर्जनसाथ आकाशहरू अलप हुनेछन्। तिनीहरूमा भएको सबै तत्वहरू आगोले भष्म पार्नेछ। यस पृथ्वी र पृथ्वीमा भएका वा गरेका सबै थोकलाई परमेश्वरले न्याय गर्नु हुनेछ। यसरी आगोबाट नै सबै थोकको नाश हुनेछ" (पत्रुस ३:१०,११ रुपान्तरित)।**

**बिगत युगहरूमा परमेश्वरलाई विश्वास नगर्नेहरूहरूमाथि मानिसहरू भरपर्दैनथे।** परमेश्वरमाथि विश्वास नगर्नेहरूलाई खतराको दृष्टिले हेर्दथे। किन त? यो धारणा अत्यन्त सरल छ। यदि मानिसहरूले परमेश्वरलाई विश्वास गरेन भने तिनीहरूको भविष्यमा हुने कुनै पनि न्यायलाई विश्वास गर्ने तिनीहरूको आधार हुँदैन। "आज जिउने भोलि मर्ने त हो नि" भन्दै तिनीहरूले गर्ने कुनै पनि कामको लेखा जोखा परमेश्वरलाई दिनु आवश्यक नभएको तिनीहरू तर्क गर्छन्। तर यो धारणा बोकेर जिउनु गलत हो भनेर मान्नुपर्छ।

आजको परिप्रेक्ष्यमा कतिपयले भविष्यको ख्याल राखेर जिएको पाइन्छ। यसको कारण किन छ भन्ने कुरा बुझ्न त्यतिको गाह्रो छैन भनेपनि हुन्छ। ठिक काम गर्न भविष्यमा परमेश्वरले गर्ने न्यायप्रति डराएर गर्नु आवश्यक छैन। तर भविष्यमा आफ्नो कामको लेखाजोखा दिनुपर्छ भनेर आभास पाएर जिउँदा ठिक वा उचित काम गर्न त सघाउँछ नै।

दुष्ट मानिसहरू परमेश्वरको सामु उभिएर आफ्ना लेखाजोखा दिनुपर्नेछ भनेर चेतावनी दिनुमा पत्रुस नहिचकिच्याएको हामीले हेर्‍यौं। यस संसारको अन्त, परमेश्वरले गर्नुहुने न्याय र दोस्रो आगमनको बारेमा पत्रुसले स्पष्टरूपमा चर्चा गरेका थिए। "सारा आकाशहरू ठूलो गर्जनसाथ अलप हुनेछन्। त्यहाँ भएका सबै थोकहरू आगोले भष्म पार्नेछन्" भन्ने समयलाई औंल्याउँदै पत्रुसले आफ्नो भावना व्यक्त गर्दछन् (२ पत्रुस ३:११ रूपान्तरित)। त्यसरी नै न्याय र येशूको दोस्रो आगमनको बारेमा औंल्याउँदै पत्रुसले हामीलाई सोध्दछन्: "त्यसकारण तिमीहरू इसाई हौ भनेर दावी गर्छौ त तिमीहरू कस्तो खालका

मानिसहरू हुनुपर्छ त? तिमीहरू पवित्र र इस्वरीय जीवन बिताउन अग्रसर हुनुपर्छ" (२ पत्रुस ३:११ रूपान्तरित)।

## १. सबै अधिकारवालाहरूको स्रोत (२ पत्रुस ३:१,२)

चर्चले सामना गर्ने खतरापूर्ण शिक्षादीक्षाहरूको बारेमा पत्रुसले आफ्ना पाठकहरूलाई सतर्क गराउँछन्। चर्चको परिधिबाट बाहिर रहेर स्वतन्त्रताको अनुभव गराउँछु भनेर प्रतिज्ञा गर्नेहरूको खिलाफमा उनले चेतावनी दिन्छन्। जुन मानिसहरूले स्वतन्त्र वा मुक्ति दिन्छौं भनेर दावी गर्छन् ती मानिसहरूले आफ्ना अनुयाईहरूलाई पापमा फेरि फसाउन अघि बढेका हुन्छन्। पापको दासत्वमा रहनु भनेको येशूले दिनुहुने स्वतन्त्रताको बिपरित छ भनेर पत्रुसले ठोकुवा गर्छन्।

दुःख लाग्दो कुरो त यो छ कि, केवल स्वतन्त्रता दिने गलत शिक्षादीक्षा वा कबुलले मात्र चर्चमा आक्रमण गरिएको छैन। मानिसलाई धरापमा पार्ने अर्को झुठो शिक्षापनि घुस्नेछन् भनेर पत्रुले सतर्क गराउँछन्। त्यो के हो भनेर पनि उनले आफ्ना पाठकहरूलाई व्याख्या गर्छन्। तर त्यो भन्नुभन्दा पहिले उनले पहिले केही कुरा भन्दछन्।

**"प्रिय मित्रहरू, तिमीहरूलाई यो मेरो दोस्रो पत्र हो। दुवै पत्रहरू तिमीहरूलाई सम्झाउन लेखेको छु। स्वच्छ र शुद्ध तरिकाले सोच्न म तिमीहरूलाई उत्साह दिन चाहन्छु। विगत समयमा पवित्र अगमवक्ताहरूले बोलेका वचनहरू तिमीहरूले याद गर भन्ने म चाहन्छु। तिमीहरूका निम्ति प्रेरितहरूले दिएका हामीहरूका प्रभु र मुक्तिदाताको निर्देशन सम्झनु भनेर म अनुरोध गर्दछु" (२ पत्रुस ३:१,२ रूपान्तरित)। उनको वचन पाठहरूले पालन गर्नुपर्छ भनेर पत्रुसले किन भनिरहेका छन् त? हेर्नुहोस्, यूहन्ना २१:१५-१७ "१५ जब तिनीहरूले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ? तिनले उहाँलाई भने, "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।" उहाँले तिनलाई भन्नुभयो, "मेरा पाठाहरूलाई खुवाऊ।" १६ उहाँले फेरि दोस्रो पल्ट तिनलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ? तिनले उहाँलाई भने, "ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।" उहाँले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूको हेरचाह गर।" १७ उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ? पत्रुस दुःखित भए,**

**किनकि उहाँले तेस्रो पल्ट तिनलाई "के तिमी मलाई प्रेम गर्छौ? भन्नुभयो। तिनले उहाँलाई भने, "प्रभु, तपाईं सब कुरा जान्नुहुन्छ। म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ। येशूले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूलाई खुवाऊ।"**

"आफ्ना पाठकहरूलाई धेरै वर्ष पहिले "पवित्र अगमवक्ताहरूले" दिएका वचनहरूलाई पत्रुसले २ पत्रुस ३:१,२मा सम्झना गराउँछन्। ती अगमवक्ताहरू परमेश्वरका जनहरूका निम्ति विशेष सन्देशवाहकहरू थिए। त्यसको अर्थ अगमवक्ताहरूको ख्याल गराउँदै आफ्ना पाठकहरूलाई बाइबलतर्फ फर्किन पत्रुसले आह्वान गर्छन्। परमेश्वरका ती अगवक्ता वा सन्देशवाहकहरूका वचनहरूमाथि पूर्णरूपमा भरोसा राख्न सकिन्छ भनेर पत्रुसले उनको पाठकहरूलाई विश्वस्त गराउँछन् (२ पत्रुस १:१९)। परमेश्वरका अगमवक्ताहरूको बारेमा आफू स्पष्ट हुन पत्रुसले उनका पाठक वर्गहरूलाई यहाँ फेरि सम्झाउँछन्। तिनीहरूको विश्वासको आधार अरू कुनैमा नभएर केवल बाइबलमा मात्र हुनुपर्छ। (कतिपय इसाईहरूले दावी गरेको अनुसार) पुरानो करारको आवश्यकता वा गरिमा घटिएको छ भन्ने धारणा नयाँ करारको कुनै पनि लेखले अनुमोदन गरेको छैन। बरू त्यसको बिपरित त सत्य कुरो यो छ। नयाँ करारको सत्यतालाई पुरानो करारले स्थापना गर्दछ र येशू नै मसीह हुनुहुन्छ भन्ने ठोस आधार पुरानो करार हो भनेर पत्रुसले आफ्नो भनाई स्पष्ट पार्दछन्।

तर अझ धेरै कुरो गर्न बाँकी नै छ। परमेश्वरको वचन लेख्ने र फैलाउने अधिकार आफूले पाएको पुरानो करारका अगमवक्ताहरूको जस्तै हो भनेर पत्रुसले देखाउन चाहन्छन्। आखिरमा पत्रुस प्रभु र मुक्तिदाताका चेलाहरूमा एक त हुन् नै। त्यसकारण, आफूलाई भएको प्रभुको बोलावटमा स्पष्ट भएको पत्रुस जिकिर गर्छन्। पत्रुसले अत्यन्त शक्तिशाली र विश्वासिलो भएर बोल्न पाएकोमा अचम्म मान्नुपर्ने कुनै कारण छैन। किन त? आफूले पाएको सन्देश परमेश्वरबाट नै आएको हो भन्ने कुरा उनलाई निश्चित थियो।

**हामीहरूको जीवनको अन्तिम आधिकारिक स्रोत हामीहरूको संस्कार वा संस्कृति, हामी आफैले गरेको निर्णय र तर्क किन हुनुहुदैन? बरू, हामीहरूको जीवनलाई अर्थमूलक रूपमा परिचालन गर्ने सम्पूर्ण अधिकार बाइबललाई किन दिनुपर्छ?**

## २. सत्य वचनप्रति हाँसो उडाउनेहरू (२ पत्रुस ३:३,४)

"विगत समयमा पवित्र अगमवक्ताहरूले व्यक्त गरेका वचनहरू याद राख। तिमीहरूका प्रेरितलाई हामीहरूका प्रभु र मुक्तिदाताले दिनुभएका निर्देशनहरू सम्झि राख" (२ पत्रुस ३:२ रूपान्तरित) भनेर पत्रुसले आफ्ना पाठकहरूलाई अनुरोध गर्छन्। अनि अर्को खालका झुटो शिक्षा वा परमेश्वरप्रतिको विश्वासमा धरमराउने खालका शिक्षादीक्षालाई लक्षित गरेर पत्रुसले विशेष चेतावनी दिन्छन्। यस्तो खालको शिक्षा अत्यन्त खतरापूर्ण छ भनेर पत्रुसलाई थाहा थियो। त्यसकारण, आफू प्रेरित भएको हैशियतले आफ्नो पूरा अधिकारलाई प्रयोग गरेर झुटा शिक्षादीक्षाको भन्डाफोर गर्न पत्रुस नहिच्किच्याएको देखिन्छ। ती झुटा शिक्षाबाट आफ्ना पाठकहरू सुरक्षित भएर बसुन् भन्ने पत्रुसको ठूलो चाहना थियो।

**येशू ख्रीष्टको सिघ्र वा छिटो आगमनको बारेमा शङ्का गर्नेहरूले त्यस सत्य प्रतिज्ञाप्रति गिल्ला गर्छन् र त्यसको हाँसो उठाउँछन्। मानिसहरूलाई त्यस सत्यबाट शङ्का उब्जाउन र त्यस विश्वासबाट हट्न झुटा धर्मगुरूहरूले कस्ता तर्क प्रस्तुत गर्छन्? हेर्नुहोस् २ पत्रुस ३:३,४ "३ सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, ४ "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ।"**

**येशूले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूलाई खुवाऊ।"**

परमेश्वरका भक्तहरूलाई स्वतन्त्रता दिन्छु भनेर झुटा आश्वासन र प्रतिज्ञा दिएर येशूबाट आफूतिर तान्ने मानिसहरू तिनै हुन् जसले उहाको दोस्रो आगमनको प्रतिज्ञाको गिल्ला गर्छन् र त्यसप्रति शङ्का उब्जाउँछन्। पहिले समूहको शिक्षा ती मानिसहरूबाट आएका हुन् जसले पापको शक्तिमा रहेर त्यसै अनुसार चल्ने चाहना गर्दछन् (२ पत्रुस २:१० रूपान्तरित)। त्यसै गरेर येशूको दोस्रो आगमनको ठट्टा जसले गर्छन् तिनीहरू पनि आफ्नै दुष्ट इच्छाबाट अभिप्रेरित, परिचालित भएका थिए (२ पत्रुस ३:३ रूपान्तरित)।

येशूको दोस्रो आगमनको शङ्का गर्नेहरूले "उहाँले प्रतिज्ञा गर्नुभए अनुसार उहाँको आगमन खोइ त?" (२ पत्रुस ३:४ रूपान्तरित) भनेर सोध्नेछन् भनेर पत्रुसले सचेत गराउँछन्। यसले गर्दा सर्वसाधारण विश्वासीहरूको हृदयमा येशूप्रति शङ्काको बिऊ रोप्दछन् र उहाँको समयमा

यस संसारमा छिट्टै हुने उहाँको आगमनको विश्वासमा धैर्यतासाथ उहाँलाई पर्खिरहनेको हाँसो उठाउँछन्। उहाँको आगमनको प्रतिक्षा गर्नेहरू मरिसकेका छन् भन्ने वास्तविक तथ्यलाई तिनीहरूले येशूलाई विश्वास गर्नेहरूलाई सिकाउँछन्। सृष्टिदेखि यस संसार जसरी चलिरहेको छ त्यसरी नै चलिरहनेछ भनेर ती गिल्ला गर्ने धर्मगुरूहरूले औँल्याउँछन् भनेर पत्रुसले लेख्दछन्।

झट्ट हेर्दा, तिनीहरूको तर्क मनासिवै देखिन्छ। परमेश्वरलाई विश्वास गर्ने धर्मीहरू र दुष्टहरू "सँगसँगै माटोमा मिल्नेछ। ती दुवैको अन्त्य मृत्युमा नै हुन्छ" भनेर पवित्र हनोकले देखेका थिए भनेर एलेन जी ह्वाइटले लेखेकि थिइन् (*पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. ८५)। त्यस सत्य कुरोबाट हनोकको मन खलबलिएको थियो। हनोक जलप्रलयभन्दा पहिले जन्मेका थिए। यदि उनको मन त्यस प्रश्नबाट खलबलिएको थियो भन्ने उनीपछि जन्मिने र अन्तका दिनका मानिसहरूको मन झन कति खलबलिने होला त? "कति मरेर गए, खोइ येशू आउनुभएको" भन्ने तर्कसँग संघर्ष गर्नेहरूको लेखाजोखा कसले राख्न सक्छन् र?

हामी आजका सेभेन्थ-डे एडभेन्टिस्टहरूको बारेमा के भनौं त? हामीहरूको नामैले येशूको दोस्रो आगमनको प्रतिज्ञालाई औँल्याउँछ। तर उहाँ अझसम्म आउनुभएको छैन। हो, पत्रुसले भविष्यवाणी गरेको अनुसार येशूको आगमनको प्रतिज्ञाप्रति हामीहरूको विश्वासलाई धलमल्याउन र त्यसको गिल्ला गर्ने कतिपय मानिसहरूको सामना हामीले गरिरहेका छौं। (शायद त्यसैले होला, कतिपय इसाई संम्प्रदायहरूले "एडभेन्टिस्टहरू इसाई होइनन्" भन्न भनाइलाई यस अनुवादकले सामना गर्नुपरेको थियो)।

**येशूको आगमन नभएको कुरालाई थाहा पाएर तपाईंको आफ्नै विश्वासको अनुभव कस्तो पाइरहनुभएको छ?**

## ३. परमेश्वरको निम्ति हजार वर्ष केवल एक दिन जस्तै हो(२ पत्रुस ३:८-१०)

**प्रभुको दोस्रो आगमनप्रति गिल्ला गर्नेहरू र शङ्का गर्नेहरूको तर्कलाई पत्रुसले कसरी सम्बोधन गरेका थिए भनेर २ पत्रुस ३:८-१०मा उल्लेख गरिएको छ। उनको भनाईमा के छ जसले गर्दा येशू किन छिट्टो नआउनुको कारण बताइएको छ? हेर्नुहोस्: "८ तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। ९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ**

**ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। १० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्।"**

येशूको छिट्टो दोस्रो आगमनको बारेमा चर्चा गर्दा कतिले त खिस्सी उडाउँछन् र भन्न सक्छन् "यो के ठट्टा गरेको?" संसार जस्तो थियो त्यसरी नै चलिरहेको छ भनेर तिनीहरूले झट्ट हेर्दा जायज तर्क गर्दछन्। तर त्यो तर्क गलत हो भनेर पत्रुसले आफ्ना पाठकहरूलाई सम्झाउँछन्। सृष्टिको सुरूदेखि संसार जस्तो थियो त्यसरी नै चलिरहेको छैन। उदाहरणको रूपमा उत्पत्तिको पुस्तकमा लेखिएको सत्यतालाई उनले हामीलाई याद दिलाउँछन्। (पत्रुस घरिघरि बाइबलतिर फर्केको याद गर्नुहोस्। किनभने आफ्नो आधिकारिक तर्कको स्रोत बाइबल नै हो भनेर उनले देखाउन चाहेको थियो)। त्यो समय थियो जब संसार अत्यन्त दुष्टै दुष्टले भर्नपुगेको थियो भनेर उत्पत्तिको पुस्तकले भन्दछ। अनि जलप्रलयद्वारा परमेश्वरले यस पृथ्वीलाई ध्वस्त पार्नुभएको थियो। त्यसबेला उहाँले गर्नुभएको पृथ्वीको परिवर्तनको नतिजा अहिले पनि यथावत छ। अन्तिम समयमा पनि परमेश्वरले यस पृथ्वीलाई ध्वस्त पार्नहुनेछ भनेर पत्रुसले जिकिर गर्दछ। तर त्यसबेला पानीले होइन आगोले ध्वस्त पार्नेछ भनेर पत्रुसले बताउँछ (२ पत्रुस ३:१०)।

"परमेश्वरको निम्ति एक दिन हजार वर्ष जस्तै हो। र हजार वर्ष एक दिन जस्तै हो" भनेर पत्रुसले लेख्दछन् (२ पत्रुस ३:८ रूपान्तरित)। यो सत आत्मज्ञानलाई प्रस्तुत गर्दा पत्रुसले भजन ९०:४लाई याद गरेको हुनुपर्छः "परमेश्वरको निम्ति हजार वर्ष भर्खर बितेको एक दिन जस्तै हो। तिनीहरू रातको समयमा बितेको केही घन्टा जस्तै हो" (रूपान्तरित)। यथार्थ रूपमा व्याख्या गर्ने हो भने हामीहरूको समयको धारणा परमेश्वरको जस्तै होइन। त्यसकारण समयलाई तोकेर न्यायको बारेमा निष्कर्ष निकाल्दा हामी होशियार हुनुपर्छ।

मानवी दृष्टिकोणले हेर्दा येशू ख्रीष्टको आगमन ढिलो भएको देखिन्छ। तर यो हामीले केवल हामीहरूको मानवताको आँखाले मात्र हेरिरहेका हुन्छौं। परमेश्वरको दृष्टिकोणमा उहाँको आगमन ढिलो भएको छैन। साँच्चिक्कै भन्ने

हो भने परमेश्वरले आफ्नो सदाशयता, प्रेम र निगाहले गर्दा उहाँले हामीलाई थप समय दिइरहनुभएको छ भनेर पत्रुसले व्यक्त गर्दछन्।
किन त? किनभने परमेश्वरले उहाँको धैर्यताको प्रदर्शन गरिरहनुभएको छ। यस संसारमा जन्मेको कोही मानिस पनि अनन्त जीवनमा अस्तित्वहीन भएर जाओस् भनेर परमेश्वर चाहनुहुन्न (२ पत्रुस ३:९)। यस संसारमा जन्मेको प्रत्येक व्यक्ति आफ्नो पापबाट फर्कोस् भनेर अवसर दिन परमेश्वर चाहनुहुन्छ।

तर परमेश्वरमा धैर्यता भयो भन्दैमा त्यसलाई दुरूपयोग नगरेर आफ्नो जीवन येशूलाई नसुम्पन्ने मनस्थिति कसैको हुनुहुन्न भनेर पत्रुसले चेतावनी दिन्छन्। परमेश्वरको दिन कुनै सूचना नै नदिइकन अपेक्षा नगरेको समयमा आउनेछन्। उहाँ रातमा आउने चोर जस्तै गरेर आउनुहुनेछ। रातमा आउने चोरले चोरेर कसैले थाहा नपाएर सुट्टुक्क भाग्न सकोस् भन्ने त्यस चोरको चाहना हो। हो, आत्मिक जीवनमा कोही सुतिरहेका होलान्, कोही जागेर बसेका होलान्, कोही पापको हिलोमा पौडी खेलिरहेका होलान् त कोही परमेश्वरको प्रतिक्षामा असल जीवन बिताइरहेका होलान्, जे भएतापनि प्रभुको दिन चोर आएको जस्तै समय नतोकेको बेलामा हुनेछ। तर जब उहाँ आउनुहुनेछ सबैले थाहा पाउनेछन् भनेर पत्रुसले यसरी भन्दछन् "गर्जनसाथ सारा आकाशहरू बिलाएर जानेछन्। त्यहाँ भएका सबै थोकहरूलाई आगोले भष्म पार्नेछ" (२ पत्रुस ३:१० रूपान्तरित)। यस सन्देशमा पत्रुस पावलसँग पूरा सहमत भएको देखिन्छः "म तिमीहरूलाई यो भन्दछु, अहिले नै परमेश्वरको निगाहा को समय हो वा उहाँले सदाशयता देखाइरहनुभएको बेला हो। अहिले नै उहाँले उद्धार गर्नुहुन्छ" (२ कोरन्थी ६:२ रूपान्तरित)।

## ४. तब के त? (२ पत्रुस ३:११-१३)

एक जना नव युवक आफ्नो आमालाई परमेश्वरको बारेमा सुसमाचार सुनाउन खोज्दै थियो। येशूको मृत्यु र उहाँको दोस्रो आगमनको प्रतिज्ञाको बारेमा उसले सुनाउँदै थियो। आफ्नो आमालाई आफूले राम्रोसँग सम्झाएको उनले ठानेको थियो। येशूको दोस्रो आगमनको बारेमा उसले आफ्नो छोटो प्रवचन उसले सिध्यायो। अनि उसको आमाले उसको आँखामा हेरेर भन्छिन्: "उहाँको आगमन अहिले मेरो लागि के मतलब छ त?"

"येशूको आगमनसँग अहिले मेरो के सरोकार छ र?" भन्ने प्रतिक्रियालाई जवाफ दिन २ पत्रुस ३:११-१३ र मत्ती २४:४३-५१ पढ्नुहोस्। "११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतिक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ।" (२ पत्रुस ३:११-१३) र येशूले भन्नुभयो, "४३ तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन। ४४ यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ। ४५ "विश्वासी र बुद्धिमान् नोकर को हो, जसलाई त्यसको मालिकले आफ्ना परिवारका चाकरहरूलाई ठीक-ठीक समयमा खान देओस् भनी खटाएको हुन्छ? ४६ त्यो नोकर धन्य हो, जसलाई मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछ। ४७ साँच्चै, म तिमीहरूलाई भन्दछु, मालिकले त्यसलाई आफ्नो सारा सम्पत्तिमाथि जिम्मेवार नियुक्त गर्नेछ। ४८ तर यदि त्यस दुष्ट नोकरले "मेरा मालिक बियाँलो गर्छन्" भनी मनमा ठानी, ४९ आफूसँगै काम गर्ने नोकरहरूलाई पिट्न र मतवालाहरूसँग खान र पिउन लाग्यो भने, ५० त्यस नोकरको मालिक त्यसले नचिताएको दिन र नजानेको घड़ीमा आइपुग्नेछ। ५१ अनि मालिकले त्यसलाई कठोर दण्ड दिनेछ र त्यसलाई ढोंगीहरूका माझ फालिदिनेछ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।"

हामीले यो भन्यौं कि हामीहरूको सेभेन्थ-डे एडभेन्टिस्ट भन्ने नाउँले नै येशूको छिट्टो आगमनको विश्वासको चिनारी गराउँछ। हामीहरूको आस्थाको जग यस आशामा बसालिएको छ। यो आशाबिना हामीहरूका सारा विश्वासका सारहरू अर्थहीन हुन्छन्। येशूको आगमन र उहाँको आगमनको प्रतिज्ञाहरूले नै हामीहरूको आस्थामा जीवन वा उर्जा दिन्छ।

तर हामीमा त्यो प्रतिज्ञा छ भन्दै ढुक्क भएर आफूभन्दा मुनिको विश्वासी वा कर्मचारीहरूलाई येशूले मत्ती २४:२३-५१मा भन्नुभएको दुष्ट नोकरले जस्तै व्यवहार त गरिरहेका छैनौं? कथामा ती दुष्ट नोकरले जस्तै दुष्ट व्यवहार अरूहरूलाई गरिरहेका छैनौं होला। तर येशूले त्यो भन्न खोज्नुभएको होइन। बिशेष गरेर अरूलाई हामीले गर्ने व्यवहारको स्तर धेरै सजिलोसँग

घटिया नहोस् भनेर येशूले हामीहरूलाई सतर्क गराउनुभएको हो। त्यसले गर्दा अरूप्रति निर्दयी र कठोर व्यवहार गर्न पुग्छौं। अनि येशूको आगमनको विश्वासमा पनि हामीहरूको आस्था घट्न सक्छ। येशू ख्रीष्टको छिट्टो आगमनको तिथी तोक्ने प्रवृत्तिको खतराको सामना एडभेन्टिस्टहरूले खपिरहुनपरेको त होइन। तर उहाँ आउनुहुन्छ भनेर घोषणा गरेको सयौ वर्ष बित्दा पनि हामी यसै संसारमा रहिरहेको हुँदा हामीहरूको धैर्यतालाई गुमाउन सक्ने मनस्थिति हामीहरूको खतरा चाल हुनसक्छ। उहाँको दोस्रो आगमन नहुँदा कहिले हुने हो भनेर हरेस खाएर कतिपय विश्वासीहरू बसेको हुनसक्छ। त्यसले गर्दा हामीहरूको धार्मिक शिक्षादीक्षामा त्यो आगमनको विद्याले सानो ठाउँमात्र ओगट्न पुगेको हुन्छ।

हो, हामी जति धेरै समय यहाँ छौं त्यति नै येशूको आगमन नजिक भएको हुन्छ। यद्यपि, यहाँ जति धेरै रह्यौं त्यति धेरै उहाँको आगमन टाढा भएको महसुस हुनसक्छ। उहाँको आगमनको प्रतिक्षाले हामीहरूको जीवनसँग केही असर नभएको भन्ने आभास सुरू हुनसक्छ। यो संसार जस्तो थियो त्यस्तै छ र भइनै रहनेछ भनेर संतुष्ट मानेर बस्नु खतरापूर्ण छ भनेर बाइबलले बताउँछ। येशूको आगमन हुन्छ भनेर पत्रुसले ठोकुवा गर्छन्। त्यसको साथै हामीले न्यायको पनि सामना गर्नुपर्नेछ भन्ने कुरामा फरक छैन। त्यसकारण यदि हामी इसाई हौं भनेर दावी गर्छौं भने हामीले पवित्र र धार्मिक तथा परमेश्वरलाई प्रतिविम्बित गर्ने जीवन बिताउन आवश्यक छ भनेर पत्रुसले भन्दछन् (२ पत्रुस ३:११ रूपान्तरित)। येशूको दोस्रो आगमन कहिले हुन्छ सो हामीलाई थाहा छैन। तर उहाँको आगमनको आशाले हामीहरूको वर्तमान जीवनको शैलीमा परिवर्तन ल्याएर बिताउनु प्रत्येक येशूभक्तले आवश्यकता ठान्नु जरुरी छ।

**तपाईंको दैनिक जीवन र सोचमा येशूको दोस्रो आगमनले कस्तो असर पारिरहेको छ? तपाईंको जवाफले तपाईंको जीवन र आस्थालाई कसरी प्रतिविम्बित गर्दछ?**

## ५. अन्तिम अनुरोध (२ पत्रुस ३:१४-१८)

पत्रको सुरूदेखि नै भरिएको विषयबस्तुलाई नै समेटेर पत्रुसले आफ्नो पत्रको अन्त्य गर्दछन्। उनले जोड गरेको विषयबस्तु थियोः यदि हामी इसाई हौं भनेर दावी गर्न आँट गर्छौं भने हामीले पवित्र जीवन बिताउन अनिवार्य छ।

परमेश्वरको व्यवस्था वा नीतिलाई पालन नगर्ने मानिसहरूको बहकाउमा नपर्न हामी हरदम होशियार हुनुपर्छ (२ पत्रुस ३:१७ रूपान्तरित)।

**पत्रुसले २ पत्रुस ३:१४-१८मा एक विशेष अनुरोध व्यक्त गरेका छन्। त्यो अनुरोध कसका निम्ति गरेका थिए? त्यस अनुरोधमा उनले के चेतावनी घुसाएका थिए? हेर्नुहोस्: "१४ यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतिक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर। १५ हाम्रा प्रभुको धैर्यलाई मुक्ति झैं ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई यही कुरा लेखे। १६ उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन्। १७ यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दुष्ट मानिसहरूको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता नगुमाओ। १८ तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ। उहाँलाई अहिले र सदासर्वदा महिमा होस्। आमेन।"**

"हाम्रा प्रिय भाई पावल" (२ पत्रुस ३:१५ रूपान्तरित)का लेखहरू सम्झ भनेर याद दिलाउँदै पत्रुसले आफ्नो पत्र अन्त गरेको मान्नुपर्छ। हामीहरूको जीवनमा शान्तिको आवश्यकता भएको पावलले पनि जिकिर गर्दछन्। त्यसैकारण, यदि हामी येशू ख्रीष्टको दोस्रो आगमनको प्रतिक्षा गर्छौं भने हामीमा पनि शान्ति हुनु अत्यावश्यक ठान्नुपर्छ। यस संसारमा हामी जिउँञ्जेल अशान्ति फैलाएर होइन वा न्यायको नाउँमा अन्याय गरेर होइन तर शान्तिपूर्वक जीवन बिताएर पवित्र भएर हामीहरूको समय सदुपयोग गर्नुपर्छ भनेर येशूका कडा भक्त पावलको समयसापेक्षित चाहना हो (रोमी २:४, रोमी १२:१८, फिलिप्पीहरूलाई २:१२ आदि)।

जुनरूपमा पत्रुसले पावलका पत्रहरूलाई औंल्याउँछ त्यो पनि हामीले सोच्नु आवशश्यक छ। इसाई इतिहासको सुरूमा पावलका लेखहरूलाई अत्यन्त महत्त्वपूर्ण मानिएको थियो भनेर पत्रुसको भनाईले देखाउँछ। पावलका सबै पत्रहरू वा कुनै कुनैलाई मात्र उनले सम्बोधन गरेका हुन् सो हामीलाई थाहा छैन। तर पावलका लेखहरू पत्रुसले अत्यन्त उल्लेखनीय मानेका थिए भनेर उनको पत्रको अन्तिम हरफले बताउँछ।

अन्तमा, पत्रुसले यो पनि भन्दछन् कि पावलका लेखहरूलाई मानिसहरूले गलत सम्झन सक्छन् वा बङ्ग्याएर आफ्नो दर्शन वा विद्यामा ढाल्न सक्छन् भनेर आफ्ना पाठकहरूलाई सतर्क गराउँछन्। ग्रीक भाषामा पत्रुसले प्रयोग गरेको शब्द *ग्राफा* (*grapha)* हो। त्यसको अर्थ "लेखहरू" हुन्। तर पत्रुसले उल्लेख गरेको पदमा "पवित्र लेखहरू वा धार्मिक लेखहरू" भनेर स्पष्टरूपमा सम्वोधन गरिएको छ जुन  अति मूलयवान मानिन्छ। मोशा र अगमवक्ताका लेखहरूलाई धर्मशास्त्र भने झैं उनका लेखहरूलाई पनि त्यही पङ्क्तिमा राखिएको पाइन्छ। पावलका लेखहरूलाई तत्कालिन इसाई जगतमा आधिकारिक रूपमा लिएको त्यसले प्रमाणित गर्दछ। त्यसबेलामा पनि येशूका भक्तहरूका आधिकारिक पवित्र पुस्तक बाइबल नै थियो भनेर पुस्टिभएको हामी पाउँछौं।

मानिसहरूलाई भ्रममा पारेर अनेकन् झुटा शिक्षादीक्षा दिनेहरू चर्चमै घुसेका थिए भनेर हामीले अघि पढ्यौं। तिनीहरूले ख्रीष्टमै स्वतन्त्रता दिने दावी गरेर सिकाउँछन् अर्थात् इसाई हुँ भनेर इसाईको खोल ओढेर मानिसहरूलाई येशूप्रतिको अगाध प्रेमबाट चिस्याइदिन्छन्। कतिपय कथित इसाईहरूले पावलकै लेखहरूलाई उद्धृत गरेर मानिसहरूमा पाइने स्वतन्त्रा, दया वा निगाहा र क्षमाशीलताका विद्याहरूलाई प्रयोग गरेर पापमा फसाइरहेका थिए भन्ने कुरा अकल्पीय छैन। विश्वास अर्थात् येशूमा आस्था राखेर मानिसले मुक्ति पाइन्छ वा पवित्र बनिन्छ भन्नेकुरालाई जोड दिएर पावलले प्रचार गरेको नकार्न सकिन्दैन (रोमी ३:२१,२२)। तर त्यसो भयो भन्दैमा मानिसहरू पाप गर्न स्वतन्त्र छन् वा येशूलाई विश्वास गऱ्यो भन्दैमा जे पायो त्यही मनपरि गर्न छुट छ भनेर पावलको कुनै पनि लेखहरूले आभास् दिएको छैन (रोमी ६:१-१४मा यस मामिलामा स्पष्ट पारेको छ)। यी मामिला लिएर पावल आफैले पनि सामना गर्नुपरेको थियो। इसाईको नाउँमा परमेश्वरको आदर्श नीतिलाई पन्छाएर अनेकन् गलत शिक्षाहरू सिकाउने धर्मगुरूहरूलाई पावलले सम्झाउनुपरेको थियो। पावल जिउँदैछँदा पनि उनका लेखहरूलाई बङ्ग्याएरटिङ्ग्याएर प्रचार गरेका थिए। तिनीहरूले भनेका थिए कोही मानिस धार्मिक आचरसंहितामा बस्नु आवश्यक छैन किनभने विश्वासद्वारा पवित्र वा धर्मी ठहरिहाल्छ नि! तर पत्रुसले कठोरपूर्वक यो चेतावनी दिन्छन् कि जुन मानिसहरूले पावलका लेखहरूलाई बङ्ग्याउँछन् तिनीहरू अन्तमा ध्वस्त हुनेछन् (२ पत्रुस ३:१६ रूपान्तरित)।

**येशू ख्रीष्टमा हामीहरूलाई कस्तो खालको जीवन बिताउन बोलाइएको छ? त्यो जीवन बिताउन तपाईंले अहिले नै कस्तो निर्णय गर्नुपर्छ जसले गर्दा अरूले तपाईंको आस्थाको जीवन अर्थमूलक भएको देख्नसक्छन्?**

## उपसंहारः

**थप जानकारीः** येशूको दोस्रो आगमन भविष्यमा हुने अत्यन्त धेरै टाढाको घट्ना जस्तो देखिन्छ। तर उहाँको आगमनको वेवास्ता गरेर बस्यौं भने के हुन्छ भनेर येशूले हामीहरूलाई चेतावनी दिनुभएको थियो। त्यसलाई व्याख्या गर्न दुई खालका नोकरहरूको बारेमा मत्ती २४:४५-५१मा हामीले हेऱ्यौं। दुवै खालका नोकरहरूले आफ्ना मालिक आउँछन् भनेर अपेक्षा गरेका थिए। एक थरिका नोकरले आफ्नो मालिक जहिले पनि आउन सक्छन् भनेर तयार भएर बसेको थियो। अर्को नोकरले आफ्नो मालिक ढिलो आउँछन् भनेर सोचेको थियो। त्यो ढिलाइलाई उसले खराब काम गर्न र भ्रष्ट हुने काममा लगाएको थियो।

"येशूको आगमनको ठ्याक्क समय हामीलाई थाहा छैन। तर हामीलाई चनाखो भएर बस्न वा तयार भएर बस्न येशूले निर्देशन दिनुभएको छ (लूका १२:३७)। जो विश्वासीहरू येशूको आगमनको निम्ति पर्खेर बस्छन् तिनीहरू केही नगरि हात बाँधेर बस्दैनन्। येशूको आगमनमा विश्वास गर्नेहरूले उहाँको आराधना गर्न र उहाँका आज्ञाहरूको पालना जागृत भएर गर्दछन्। तिनीहरूले पापबाट ल्याउने न्यायलाई डर र आदरपूर्वक हेरिरहनेछन्। प्रभुको सदाशयता र निगाहालाई वेवास्ता गर्दा कस्ता खालको ठूलो पापमा परिन्छ भन्ने कुरालाई तिनीहरूले सतर्क भएर सोच्छन्। येशूको आगमनलाई पर्खने मानिसहरूले बाइबलमा देखाएका सत्यलाई पछ्याउँदै आफ्ना जीवनलाई शुद्ध र स्वच्छ पारेर राखेका हुन्छन्।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ६३४बाट रूपान्तरित।

## चिन्तनमननः

**अ. येशू ख्रीष्ट अझसम्म आउनुभएको छैन भन्ने मामिलालाई लिएर हामीले कसरी सामना गर्ने? अरूले पनि त्यसबारे तर्क गर्दा त्यसबाट हामीले के सिक्नसक्छौं?**

आ. हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूसँग के शिक्षादीक्षा, विश्‍वास र आचरणहरू छन् जुन् केवल बाइबलबाट मात्र भित्र्याइएका छन्? (ती आस्थाका सुत्रहरू हामीहरूको संस्कार, संस्कृति, तर्क र परम्पराबाट आएका हुँदैनन्)।

इ. पत्रुसले हामीहरूको पापमय आकाँक्षा, अनुराग र मनोबृत्तिसँग गलत धार्मिक शिक्षादीक्षासँग जोडिएको हुन्छ भनेर औँल्याएको हामीले यस अध्यायमा हेऱ्यौं। गलत शिक्षासँग गलत जीवन शैली कसरी जोडिएको हुन्छ?

ई. विश्‍वविख्यात भौतिक शास्त्रको नोबेल पुरस्कार प्राप्त गर्ने वैज्ञानिक अलबर्ट आइन्स्टाइनले अचम्मको तर्क प्रस्तुत गरेका छन्। सबैको निम्ति समय एउटै होइन भनेर उनले भनेका थिए। तर तपाईं कहाँ हुनुहुन्छ र तपाईं कुन गतिले चल्नुहुन्छ त्यसमा समय भरपर्छ भनेर उनले भनेका थिए। त्यसको अर्थ समयसँग तपाईंको अनुभव अर्कोको भन्दा फरक हुन्छ जो तपाईंभन्दा अर्को स्थानमा रहन्छ र अर्कै गतिले चलिरहेको हुन्छ। हो, समय रहस्यमय छ भन्ने कुरा स्पष्ट छ। हामीले राम्रोसँग नबुझिकनै समय बितिरहेको हुन्छ। हामीलाई जस्तो समय परमेश्‍वरको निम्ति एउटै हुँदैन भन्ने कुरालाई आइन्स्टाइनको तर्कले बुझाउन कसरी सहयोग गर्छ? येशू ख्रीष्ट अझ किन आउनुभएन भन्ने सोचलाई त्यस तर्कले हामीलाई अझ कसरी बुझाउन प्रयास गर्न सक्छ?

हरेक हप्ता हामीले परमेश्वरको बारेमा कुराकानी गऱ्यौं र बाइबल पढ्यौं। हामीहरूले सँगसँगै प्रार्थना गऱ्यौं र सँगसँगै खाना खायौं। सुरूमा त खाना खानलाई शिष्ट भएर सुनेका थिए तर जब समय बित्दै गयो तब तिनीहरूले बाइबलमा चासो देखाउन थाले। मैले जे सिकाइरहेको थिएँ त्यो तिनीहरूले सिक्न उत्सुकता पनि देखाउन थालेका थिए।

ती केटाहरूले मलाई तिनीहरूको आमा जस्तै व्यवहार गर्न थाले। तिनीहरूको दुःखसुख मनैदेखि मसँग बाँड्न थाले। तिनीहरूले ममाथि विश्वास गर्न र ममाथि भरोसा राख्न थाले। कुनै कुनैले तिनीहरूले दुर्व्यसन छोड्न चाहेको र चोरेको सामान पनि फिर्ता दिन चाहेको भन्न थाले। तिनीहरूको कुरा सुनें र कसरी सुखी र इमान्दारी जीवन जिउने भनेर सरसल्लाह दिन थालें। इमान्दारी र मेहनतसँग गरेको काममा कस्तो मज्जा आउँछ भनेर पनि मैले सुनाएँ। बाइबलमा भएका पात्रहरूको बारेमा र कतिपयले प्रलोभनहरूसँग लडेको र परमेश्वरको योजनामा कसरी चल्न थाले भनेर सिकाउन थालें। तिनीहरू आफूहरू परिवर्तन भएकोले तिनीहरूको वरिपरिका मानिसहरूलाई पनि तिनीहरूले कसरी परिवर्तन गरे भनेर सुनाएँ। ती केटाहरूले बडो चासो लिएर बाइबलका कुराहरू सुन्न थाले र तिनीहरूलाई परिवर्तन गर्न परमेश्वरमाथी भरोसा राख्न सकिन्छ भनेर तिनीहरूले प्रेरणा पाए। आफ्ना आमाबाबु भएको घरमा फर्कन मैले हौशला दिएँ। धेरै कुराकानीपछि कोही कोही आफ्नो घरमा फर्कन राजी भए।

पियर नाउँ गरेको एउटा केटा ऊ सात वर्षको हुँदा घरबाट भागेको थियो। आमालाई दिनुपर्ने पैसा हराएको हुनाले उनले कुट्लिन् भन्ने डरले घरबाट भागेको थियो। अनि राजधानी सहरमा भाग्दा भाग्दै आएको थियो। ऊ आठ वर्षसम्म बाटोको पेटीमा सुतिरहेको थियो। जब मैले येशूले भन्नुभएको घरबाट भागेको केटाको कथा भनें ऊ फर्किन राजी भयो। ऊ एक्लै घरमा जान डराएको थियो त्यसकारण उसँग म जान्छु भनेर सल्लाह दिएँ।

हामी दुवै जना बस पार्कमा गएर उसको गाउँमा जान बसको टिकट काट्यौं। जब हामी उसको गाउँमा आएका थियौं उसले त झण्डै घरको बाटो बिर्सेको थियो किनकि आठ वर्षभित्र उसको गाउँमा परिवर्तन आएको थियो। जब हामी उसको घरमा पुग्यौं तब उसको आमा ढोकामा उभिरहेकी थिइन्। जब

उनले एक युवक केटा उनको अगाडि उभिरहेको देखिन् तब ऊ उनको लामो वर्षसम्म हराएको छोरो हो भनेर चिन्ह सकिनन्। आफ्नो छोरो मरिसकेको भनेर उनले ठानेकी थिइन्। केही समय पियरलाई टोलाएर हेरिन्। जब हेर्दाहेर्दै पियर त आफ्नै छोरो भनेर चिनिन् तब उनले आफ्ना हातहरू फैलाएर उसलाई अङ्गालो मारिन्। उसलाई म्वाइ खाइन् र छोरालाई आफ्नो अङ्गालोमा कसिन् र डाको छोडेर रुन थालिन्। अनि आफ्ना छिमेकीहरूलाई आफ्नो हराएको छोरो हेर्न आउनु भनेर बोलाउन थालिन्। त्यो रात त्यस घरमा अत्यन्त आनन्द र हर्षोल्लास भएको थियो किनकि त्यस घरमा हराएको छोरो फर्केर आएको थियो।

त्यो रात म पियरकै घरमा बसें ताकि म स्थानीय चर्च पास्टरको घरमा उसलाई लैजान सकुँ। पियरले येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गरिसकेको छ र आफ्नो आमाको घरमा फर्केर आएको छ भनेर मैले चर्च पास्टरलाई भनें। उसलाई बाइबलको बारेमा धेरै सिकाउनु र स्याहार्नु भनेर पनि त्यस पास्टरलाई भनें।